# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२३८ बारा, २०८३ कार्तिक १० गते मंगलबार / प्रतिपदा / नेपाल संवत् ११४६ / Tuesday, October 27 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## घुमुवा प्रहरीभन्दै रकम असुली गर्ने वर्णवाल पक्राउ



वीरगञ्ज,९ कार्तिक/पर्सा प्रहरीले सुरक्षा निकायका नाममा अवैध असुली र बिचौलियाको काम गर्ने एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पर्साको पोखरिया नगरपालिका ५ का ५१ वर्षीय अशोककुमार वर्णवाल रहेका छन् ।

प्रहरी तथा सशस्त्र प्रहरीको घुमुवा हुँ भन्दै वर्णवालले पथलैया(वीरगञ्ज औद्योगिक प्रतिष्ठनका व्यवसाय तथा भन्सार छली र चोरी तस्करीका सामानहरू सेटिङमा पास गराइदिने आश्वासन दिने गरेका थिए ।

पर्साका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार अनुसन्धानका क्रममा उनले सुरक्षा निकायमा जागिर लगाइदिने प्रलोभन देखाएर विभिन्न व्यक्तिहरूबाट रकम असुलसमेत गरेको खुलेको छ ।

पक्राउ परेका वर्णवालमाथि कानुनबमोजिम म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## 'अर्नब' चक्रवात :शुक्रवार र शनिवार अत्यधिक वर्षा र हिमपातको सम्भावना

काठमाण्डौ ९ कार्तिक/बङ्गालको खाडीमा विकसित शक्तिशाली चक्रवात 'अर्नब' को प्रभाव नेपालमा मुख्यगरी बिहीवार रातिदेखि शनिवारसम्म पर्ने भएको छ ।

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले विशेष बुलेटिन निकालेर शुक्रवार र शनिवार देशका विभिन्न भू(भागमा अत्यधिक वर्षा र व्यापक हिमपातको सम्भावना रहेको जनाएको छ ।

भारतीय मौसम विभागका अनुसार नेपाली समयअनुसार आज बिहान साढे ५ बजे बङ्गालको खाडीमा रहेको गहिरो न्यून चापीय प्रणाली चक्रवातमा परिणत भएको हो ।

'अर्नब' नाम दिइएको यो चक्रवात थप शक्तिशाली बन्दै पर्सि बुधवार भारतको आन्ध्र प्रदेश र विशाखापट्टनमको बीचमा पर्ने यानम नजिकको तटीय क्षेत्रबाट जमिनमा प्रवेश गर्ने अनुमान छ। त्यस बेला हावाको गति प्रतिघण्टा ११५ देखि १४५ किलोमिटरसम्म पुग्न सक्ने छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार यसै चक्रवातको प्रभाव र अन्य



साना वर्षा प्रणालीहरूको संयुक्त असरले बुधवार रातिदेखि नै नेपालमा मौसम बदली भई सामान्यदेखि मध्यम वर्षा शुरू हुनेछ। बिहीवारदेखि शनिवारसम्म कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै ठाउँमा मेघगर्जन र चट्याङसहित मध्यमदेखि मुसलधारे वर्षाको सम्भावना रहेको छ ।

विशेषगरी शुक्रवार र शनिवार कोशी, बागमती, मधेश र गण्डकी प्रदेशका केही ठाउँमा मुसलधारे वर्षा हुन सक्ने महाशाखाले चेतावनी दिएको छ। यसैगरी उच्च पहाडी तथा हिमाली क्षेत्रमा ठूलो हिमपात, हिमआँधी र हिमपहिरोको समेत अत्यधिक जोखिम रहेको छ ।

सम्भावित विपद् र क्षतिलाई मध्यनजर गर्दै महाशाखाले किसान, पर्यटक तथा सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

देशका पहाडी तथा तराई क्षेत्रका किसानलाई धानबाली भित्र्याउनेलगायतका कृषि कार्यहरू बिहीवारअघि नै सम्पन्न गर्न र बुधवारदेखि शनिवारसम्म धान नकाट्न विशेष सुझाव दिइएको छ। साथै उच्च पहाडी तथा हिमाली क्षेत्रको पदयात्रामा नजान, गएकाहरूलाई पनि सुरक्षित ठाउँमा बस्न तथा अत्यावश्यकबाहेक लामो दूरीको यात्रा नगर्न महाशाखाको अनुरोध छ ।

मौसम पूर्वानुमान महाशाखाले यस प्रणालीको निरन्तर अनुगमन गरिरहेको भन्दै महाशाखाले निकाल्ने सूचनाहरू नियमित रूपमा हेर्न आग्रह गरेको छ ।

## आदर्श कोतवालमा 'लाइफ केयर एन्ड पेन हस्पिटल' को उद्घाटन

राजकुमार यादव

रौतहट, ९ कार्तिक/बाराको आदर्श कोतवाल गाउँपालिका( ६, हरनहिया चोकमा 'लाइफ केयर एन्ड पेन हस्पिटल' सञ्चालनमा आएको छ

आदर्श कोतवाल गाउँपालिकाका अध्यक्ष जवाहर साहले पूर्वस्वास्थ्य मन्त्री बंशीधर मिश्र र रामकृपाल यादवको विशिष्ट आतिथ्यतामा सोमबार आयोजित एक कार्यक्रममा अस्पतालको उद्घाटन गर्नुभएको हो ।



अस्पताल सञ्चालनमा आएसँगै स्थानीय बासिन्दालाई आफ्नै क्षेत्रबाट स्वास्थ्य सेवा प्राप्त गर्ने अवसर थपिएको छ ।

उद्घाटन कार्यक्रमको अध्यक्षता अस्पताल सञ्चालक डा. सञ्जय यादवले गर्नुभएको हो । कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष मीरा देवी तथा वडा नम्बर १ देखि ८ सम्मका वडाध्यक्षहरूको समेत उपस्थिति रहेको थियो ।

ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यसहित स्थापना गरिएको अस्पतालले विभिन्न प्रकारका रोगको जाँच, उपचार तथा स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ ।

अस्पताल सञ्चालनमा आएपछि आदर्श कोतवाल गाउँपालिका र आसपासका क्षेत्रका नागरिकलाई स्वास्थ्य उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अस्पतालका सञ्चालक डा. सञ्जय यादवले स्वास्थ्य सेवाको नयाँ अध्याय सुरु गर्ने उद्देश्यसहित संस्था सञ्चालनमा ल्याउनुभएको हो ।

नयाँ अस्पतालले स्थानीय नागरिकलाई गुणस्तरीय, सहज र विश्वसनीय स्वास्थ्य सेवा प्रदान गर्दै स्वास्थ्य उपचारको पहुँच विस्तारमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ

## जीतपुरमा बरामद ३ सय लिटर घरेलु मदिरा नष्ट



जीतपुर, ९ कार्तिक/बाराको जीतपुर बजारमा अवैध रूपमा बिक्री( वितरण भइरहेको घरेलु मदिराविरुद्ध इलाका प्रहरी कार्यालय जीतपुरले कारबाही गरेको छ । प्रहरीले होटल तथा पसलबाट करिब ३०० लिटर अवैध घरेलु मदिरा बरामद गरी नष्ट गरेको हो ।

इलाका प्रहरी कार्यालय जितपुरका प्रहरी प्रमुख उमेश निरौलाको नेतृत्वमा खटिएको प्रहरी टोलीले मदिरा बरामद

बाँकी तेश्रो पेजमा

## कलैयाबाट ठूलो परिमाणमा सुईजन्य प्रतिबन्धित लागूऔषध बरामद



कलैया, ९ कार्तिक/बाराको कलैयाबाट सशस्त्र प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित सुईजन्य लागूऔषध बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म मटिअर्वाबाट खटिएको टोलीले कलैया उपमहानगरपालिका-१० सनिचरेमठस्थित सीमा इलाकाबाट उक्त लागूऔषध बरामद गरेको हो ।

सुरक्षा टोलीले जाँचका क्रममा पाँच सय पिस डाइजेपाम इन्जेक्सन, एक सय ९५ पिस बुप्रेलिनर्फिन इन्जेक्सन, तीन सय पिस नुफिन बुप्रेलिनर्फिन इन्जेक्सन र पाँच सय पिस प्रोमेथार्जिन हाइड्रोक्लोराइड इन्जेक्सन फेला पारेको छ ।

बरामद गरिएका प्रतिबन्धित लागूऔषधलाई आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अगाडि बढाइएको छ ।

## बिश्रामपुरमा सर्पदंशबाट एक बालकको मृत्यु

सिमरा, ९ कार्तिक/बाराको बिश्रामपुरमा सर्पदंशबाट एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा भारत बिहार पूर्वीचम्पारण पकडिया घर भई बिश्रामपुर गाउँपालिका- ५ स्थित मामाघरमा बस्दै आएका चार वर्षीय आदित्यप्रसाद पाल रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार आइतबार साँझ घर अगाडि खेलिरहेको अवस्थामा बालकलाई कोब्रा सर्पले डँसेको थियो । सर्पले डँसेलगत्तै



बालकलाई वीरगन्जस्थित नारायणी अस्पताल पुर्याइएपनि चिकित्सकले मृत घोषणा गरेका थिए ।

बालकको शव उनका मामा जितेन्द्र पालले बुझेको प्रहरीले जनाएको छ । बालक करिब एक महिनादेखि मामा घरमा बस्दै आएका थिए ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

### राष्ट्रिय सभाको विधेयकविहीनता र ओझेलिँदो गरिमा

नेपालको संविधानले परिकल्पना गरेको दुई सदनात्मक व्यवस्थामा राष्ट्रिय सभा (माथिल्लो सदन) लाई परिपक्व, गम्भीर र विज्ञहरूको थलो मानिन्छ।

प्रतिनिधि सभामा हुने राजनीतिक खिचातानी र हतारोबाट पर रहेर विधेयकहरूमाथि मिहीन छलफल गर्ने र कानुनलाई परिष्कृत बनाउने मुख्य जिम्मेवारी यस सदनको हो। तर, हाल राष्ट्रिय सभा र यस मातहतका विषयगत समितिहरू पूर्ण रूपमा विधेयकविहीन हुनुले हाम्रो संसदीय अभ्यास र सरकारको कार्यशैलीमाथि ठूलो प्रश्नचिह्न खडा गरेको छ

अहिले संघीय संसद्मा निजामती सेवा विधेयकसहित ३६ वटा विधेयकहरू विभिन्न चरणमा विचाराधीन छन्। विडम्बना के छ भने, तीमध्ये २४ भन्दा बढी विधेयकहरू तल्लो सदन (प्रतिनिधि सभा) र त्यसका समितिहरूमा थन्किएर बसेका छन्। माथिल्लो सदनका समितिहरूमा कुनै पनि विधेयक दफावार छलफलका लागि उपलब्ध नहुनुले राज्यको स्रोत र सांसदहरूको समय अनुत्पादक बनिरहेको देखाउँछ। कार्यसूची वा 'बिजनेस' को अभावमा बैठकहरू औपचारिकतामा मात्र सीमित हुनु वा लामो समयसम्म स्थगित हुनु संसदीय लोकतन्त्रका लागि सुखद सङ्केत होइन।

यस गतिरोधको मुख्य जिम्मेवार सरकार र प्रतिनिधि सभाको सुस्त कार्यशैली हो। सरकारले नयाँ कानुनका मस्यौदाहरू दर्ता गर्दा दुवै सदनको कार्यबोझलाई सन्तुलनमा राख्न सकेको देखिँदैन। अर्कोतर्फ, प्रतिनिधि सभाबाट पारित भइसकेका वा राष्ट्रिय सभामै उत्पत्ति हुन सक्ने गैर( आर्थिक विधेयकहरूलाई प्राथमिकताका साथ अगाडि नबढाउँदा माथिल्लो सदन भूमिकाविहीन जस्तै बन्न पुगेको छ। विधेयकहरूको अभावमा राष्ट्रिय सभा विधायिकी कार्यमा सक्रिय हुन नपाउनु भनेको मुलुकले पाउनुपर्ने अत्यावश्यक कानुन निर्माणको प्रक्रिया नै धकेलाइनु हो।

संसद्को यो शून्यतालाई चिर्न अब ढिलाइ गर्नु हुँदैन। सरकारले संसद्को आगामी अधिवेशन सुरु हुनु अगावै राष्ट्रिय सभामा उत्पत्ति हुन सक्ने प्रकृतिका विधेयकहरू पहिचान गरी दर्ता प्रक्रिया तीव्र बनाउनुपर्छ।

साथै, प्रतिनिधि सभाका समितिहरूमा अल्झिएका विधेयकहरूलाई छिटो टुङ्गोमा पुर्‍याएर राष्ट्रिय सभामा पठाउने वातावरण निर्माण गर्न दुवै सदनका नेतृत्वबिच प्रभावकारी समन्वय आवश्यक छ। राष्ट्रिय सभालाई केवल औपचारिकता पूरा गर्ने थलोका रूपमा नभई, जीवन्त र कानुन निर्माणको एक सक्रिय खम्बाका रूपमा स्थापित गर्न सरकार र राजनीतिक दलहरू गम्भीर बन्नैपर्छ।

# नयाँ राजनीतिक संस्कार



डा. देवेन्द्रप्रसाद अधिकारी

- उम्मेदवार छनोटलाई निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन जरुरी
- लोकप्रियताभन्दा स्थानीय समस्या समाधान गर्ने क्षमता महत्त्वपूर्ण
- लिखित मापदण्ड र व्यावहारिक कार्यान्वयनबिच समानता अनिवार्य
- समावेशितालाई निश्चित प्रतिशतमा सीमित नगरी अर्थपूर्ण बनोस्



नेपालको लोकतान्त्रिक अभ्यासमा स्थानीय सरकारको निर्वाचन केवल जनप्रतिनिधि छनोट गर्ने प्रक्रिया होइन। यो नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको शासनप्रणाली निर्माण गर्ने अवसर पनि हो। सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, सामाजिक न्याय र सार्वजनिक सेवाको प्रभावकारिता स्थानीय सरकारको नेतृत्व र कार्यशैलीमा निर्भर हुन्छ। त्यसैले स्थानीय तहको निर्वाचनमा कस्ता व्यक्तिलाई उम्मेदवार बनाइन्छ भन्ने प्रश्न राजनीतिक दलको आन्तरिक विषय मात्र नभई लोकतन्त्रको गुणस्तरसँग जोडिएको विषय हो। यही सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट गर्न 'क्यान्डिडेट क्लब, लिडरसिप एकेडेमी, मूल्याङ्कन र प्रारम्भिक निर्वाचन' लगायतका व्यवस्था अघि सारेको छ। योग्य, सक्षम, इमानदार र जनउत्तरदायी नेतृत्व छनोट गर्ने उद्देश्यसहित सार्वजनिक गरिएको यो पहल नेपाली राजनीतिक अभ्यासमा सकारात्मक सम्भावना बोकेको विषय हो।

अहिलेको मूल प्रश्न रास्वपाले कस्तो मापदण्ड बनायो भन्ने मात्र होइन, त्यसलाई व्यवहारमा कति निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गले कार्यान्वयन गर्न सक्छ भन्ने पनि हो। उम्मेदवार छनोटका क्रममा व्यक्तिगत सम्बन्ध, गुटगत समीकरण, आर्थिक प्रभाव, राजनीतिक पहुँच र नेतृत्वसँगको निकटताले भूमिका खेल्ने गरेको आलोचना हुँदै आएको छ। कतिपय अवस्थामा स्थानीय तहमा लामो समयदेखि काम गरेका, समुदायको विश्वास जितेका र सार्वजनिक सेवामा योगदान दिएका व्यक्तिभन्दा शक्ति केन्द्रसँग पहुँच भएका व्यक्तिले प्राथमिकता पाउने गरेको गुनासो पनि सुनिन्छ। उम्मेदवार छनोटलाई निश्चित मापदण्ड, प्रमाण, मूल्याङ्कन र प्रतिस्पर्धामा आधारित बनाउने प्रयासलाई सकारात्मक रूपमा लिनु पर्छ। राजनीतिक दलभित्र अवसरको न्यायोचित वितरण, योग्य व्यक्तिको पहिचान र आन्तरिक लोकतन्त्रको विकासका लागि यस्तो प्रणाली आवश्यक छ तर लिखित मापदण्ड र वास्तविक अभ्यासबिच ठुलो अन्तर हुन सक्छ। नियम सबैका लागि समान रूपमा लागु हुन्छ कि हुँदैन ? मूल्याङ्कन गर्ने व्यक्ति निष्पक्ष हुन्छन् कि हुँदैनन् ? उम्मेदवारको क्षमता र इमानदारीको परीक्षण प्रमाणका आधारमा हुन्छ कि व्यक्तिगत धारणाका आधारमा हुन्छ ? यी प्रश्नको उत्तरले नयाँ प्रणालीको विश्वसनीयता निर्धारण गर्ने छ।

**लोकप्रियता र नेतृत्व क्षमता**

आजको डिजिटल युगमा सामाजिक सञ्जालको उपस्थिति, सार्वजनिक छवि र सञ्चार माध्यममा देखिने सक्रियताले व्यक्तिको लोकप्रियता बढाउन सक्छ तर लोकप्रियता र प्रभावकारी नेतृत्वबिच स्वतः सम्बन्ध स्थापित हुँदैन। सामाजिक सञ्जालमा धेरै अनुयायी भएका, प्रभावशाली अभिव्यक्ति दिन सक्ने वा राजनीतिक रूपमा चर्चित व्यक्तिले पनि स्थानीय सरकार सञ्चालन गर्न आवश्यक ज्ञान, सिप र अनुभव नबोकेको हुन सक्छ। त्यसै गरी लामो समयदेखि समुदायमा काम गरिरहेका तर सामाजिक सञ्जालमा कम सक्रिय व्यक्तिसँग स्थानीय समस्या समाधान गर्ने उत्कृष्ट क्षमता हुन सक्छ। स्थानीय तहको नेतृत्व गर्न बजेट निर्माण, सार्वजनिक खरिद, योजना छनोट, राजस्व परिचालन, शिक्षा तथा स्वास्थ्यसेवाको व्यवस्थापन, विपत् जोखिम न्यूनीकरण, वातावरण संरक्षण र अन्तरसरकारी समन्वयबारे व्यावहारिक ज्ञान आवश्यक हुन्छ। त्यसका साथै नागरिकका गुनासा सुन्ने, फरक विचारको सम्मान गर्ने, विवाद, समाधान गर्ने र सीमित स्रोतबाट अधिकतम सार्वजनिक हित सुनिश्चित गर्ने क्षमता पनि उत्तिकै महत्वपूर्ण हुन्छ

**आन्तरिक लोकतन्त्र**

रास्वपाले उम्मेदवार छनोटमा लिडरसिप एकेडेमीमार्फत प्रशिक्षण तथा मूल्याङ्कनलाई महत्व दिएको छ। स्थानीय शासन, नीति निर्माण, सार्वजनिक वित्त, सुशासन र विकाससम्बन्धी विषयमा उम्मेदवारलाई तयार पार्ने सोच स्वागतयोग्य छ। निर्वाचित प्रतिनिधिले जिम्मेवारी समालेपछि कानुन, कार्यविधि, बजेट र प्रशासनिक प्रक्रियाबारे पर्याप्त जानकारी नहुँदा समस्या उत्पन्न हुने गरेका छन्। यस्तो अवस्थामा निर्वाचनअघि नै उम्मेदवारलाई आधारभूत ज्ञान र सिप प्रदान गर्नु महत्वपूर्ण सुधार हुन सक्छ तर प्रशिक्षण सञ्चालन गर्नु र व्यक्तिको वास्तविक क्षमता विकास गर्नु फरक कुरा हुन्। लिडरसिप एकेडेमी प्रमाणपत्र वितरण गर्ने माध्यममा सीमित हुनु हुँदैन। उम्मेदवारले स्थानीय सरकार सञ्चालनसम्बन्धी कानुनी व्यवस्था बुझ्छ कि बुझ्दैन ? बजेटको प्राथमिकता निर्धारण गर्न सक्छ कि सक्दैन ? नागरिकका फरक आवश्यकताबिच सन्तुलन कायम गर्न सक्छ कि सक्दैन र भ्रष्टाचार तथा स्वार्थको द्वन्द्वबाट आफूलाई जोगाउन सक्छ कि सक्दैन भन्ने विषयको व्यावहारिक परीक्षण आवश्यक हुन्छ। परीक्षामा राम्रो अङ्क ल्याउने व्यक्तिले नै सधैं राम्रो नेतृत्व गर्छ भन्ने हुँदैन। त्यसैले ज्ञानको परीक्षणसँगै समस्या समाधान गर्ने क्षमता, नैतिक निर्णय, नागरिकसँगको सम्बन्ध र व्यवहारगत दक्षताको पनि मूल्याङ्कन गरिनु पर्छ।

उम्मेदवार छनोटमा प्रारम्भिक निर्वाचनलाई महत्व दिनु आन्तरिक लोकतन्त्रको दृष्टिले सकारात्मक कदम हो। यसले सीमित नेतृत्वको निर्णयबाट मात्र उम्मेदवार चयन हुने अभ्यासलाई कम गर्न र पार्टी सदस्यलाई आफ्नो प्रतिनिधि छान्ने अवसर दिन सक्छ तर प्रारम्भिक निर्वाचन आफैँमा पूर्णतः निष्पक्ष प्रणाली होइन। पार्टी सदस्यको सङ्ख्या, सदस्यता वितरणको प्रक्रिया, मतदाता सूचीको विश्वसनीयता, निर्वाचन प्रचारमा उपलब्ध स्रोत र पार्टीका कार्यक्रममा सबै आकाङ्क्षी उम्मेदवारको पहुँचले परिणामलाई प्रभावित गर्न सक्छन्। यदि कुनै उम्मेदवारले आर्थिक स्रोत, व्यक्तिगत सञ्जाल वा सङ्गठित समूहको प्रभावका कारण बढी मत प्राप्त गर्छ भने त्यसलाई मात्र योग्यताको प्रमाण मान्न मिल्दैन। अर्कोतर्फ स्थानीय समुदायमा सम्मानित र सक्षम व्यक्तिले पार्टीभित्र पर्याप्त पहुँच नपाएका कारण अवसरबाट वञ्चित हुने सम्भावना पनि रहन्छ। त्यसैले प्रारम्भिक निर्वाचनलाई अन्य वस्तुगत मूल्याङ्कनसँग जोड्नु आवश्यक छ। मतदाताको निर्णयलाई सम्मान गर्दै त्यसको निष्पक्षता सुनिश्चित गर्न सदस्यता अभिलेख पारदर्शी बनाउने, निर्वाचन प्रक्रिया स्वतन्त्र रूपमा अनुगमन गर्ने र उजुरी सुनुवाइको विश्वसनीय व्यवस्था स्थापना गर्नु पर्छ। लोकतन्त्रको अर्थ मतगणना गर्नु मात्र होइन। मतदाताले स्वतन्त्र रूपमा निर्णय गर्न सक्ने वातावरण सुनिश्चित गर्नु पनि हो।

**समावेशिताको मापन**

नेपालको सामाजिक संरचना विविधतापूर्ण छ। महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय र भौगोलिक रूपमा पछाडि परेका क्षेत्रका नागरिकको राजनीतिक प्रतिनिधित्व लोकतन्त्रको महत्वपूर्ण आधार हो। रास्वपाले उम्मेदवार छनोटमा समावेशितालाई स्थान दिनु सकारात्मक विषय हो तर समावेशितालाई मूल्याङ्कनको निश्चित प्रतिशतमा सीमित गरेर मात्र यसको उद्देश्य पूरा हुँदैन। लामो समयदेखि राजनीतिक दल र राज्यका निर्णय प्रक्रियाबाट बाहिर रहेका समुदायका व्यक्तिले उम्मेदवार बन्न समान अवसर पाएका छन् कि छैनन् भन्ने प्रश्न महत्वपूर्ण हुन्छ। कुनै पनि छनोट प्रणालीमा विशेष परिस्थितिका लागि सीमित विवेकाधिकार आवश्यक पर्न सक्छ तर यही प्रावधान पारदर्शिताको सबैभन्दा ठुलो परीक्षण पनि बन्न सक्छ। यदि स्पष्ट मापदण्ड, प्रतिस्पर्धा र मूल्याङ्कनबाट उम्मेदवार छनोट गर्ने घोषणा गरिन्छ भने अन्तिम निर्णयमा विवेकाधिकार प्रयोग गर्दा त्यसको आधार सार्वजनिक हुनु पर्छ। अन्यथा राम्रो देखिएको प्रणाली पनि अन्ततः नेतृत्वको इच्छा अनुसार टिकट वितरण गर्ने पुरानै अभ्यासमा फर्कन सक्छ। पारदर्शिता भनेको प्रक्रिया सार्वजनिक गर्नु मात्र होइन। निर्णयको औचित्य पुष्टि गर्न सक्नु पनि हो।

**उम्मेदवारको इमानदारिता**

भ्रष्टाचार नियन्त्रण, स्वार्थको द्वन्द्व व्यवस्थापन र सार्वजनिक जवाफदेहिताका लागि उम्मेदवारको व्यक्तिगत इमानदारिता महत्वपूर्ण छ। सम्पत्ति विवरण, सार्वजनिक आचरण, कानुनी अवस्थाबारे जानकारी र व्यावसायिक स्वार्थको खुलासा जस्ता व्यवस्था सही ढङ्गले कार्यान्वयन भएमा जनप्रतिनिधिप्रति नागरिकको विश्वास बढाउन सक्छन् तर सुशासन कुनै एक व्यक्तिको इमानदारितामा मात्र निर्भर रहन सक्दैन। असल व्यक्तिलाई निर्वाचित गरेर मात्र असल शासन सुनिश्चित हुँदैन। त्यसका लागि संस्थागत नियन्त्रण, पारदर्शी निर्णय प्रक्रिया, नियमित लेखा परीक्षण, नागरिक निगरानी र प्रभावकारी उजुरी सुनुवाइ आवश्यक हुन्छ।

उम्मेदवार छनोटको चरणमै स्वार्थको द्वन्द्वबारे स्पष्ट जानकारी लिने र निर्वाचित भएपछि सार्वजनिक खरिद तथा विकास निर्माणमा व्यक्तिगत वा पारिवारिक स्वार्थको प्रभाव रोक्ने व्यवस्था बनाउनु पर्छ। जनप्रतिनिधिले सार्वजनिक पदलाई निजी लाभको माध्यम बनाउन नपाउने वातावरण निर्माण गर्नु आवश्यक छ। यसका साथै निर्वाचित प्रतिनिधिको कार्यसम्पादनलाई नागरिकले नियमित रूपमा मूल्याङ्कन गर्न पाउने व्यवस्था पनि महत्वपूर्ण छ। निर्वाचनमा गरिएका प्रतिबद्धता, वार्षिक बजेट, योजनाको प्रगति र सार्वजनिक सेवाको अवस्थाबारे नागरिकलाई नियमित जानकारी उपलब्ध गराउनु पर्छ। उम्मेदवार आफ्नो स्थानीय तहका समस्या र अवसरबारेमा पर्याप्त जानकार हुनु पर्छ। **साभार: गोरखापत्र**



किस्ताबन्दिमा आफूले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरूमा डाउन पेमेन्ट गर्नु पर्छ र बाँकी रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ। रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरूमा रू.१००/- को शेयर रकम बापत लाग्नेछ। किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरिताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ। ग्राहकले बाँकी रकमको १ चेक १ बर्षको भाखा राखि दिनु पर्नेछ।

# गुल्मीमा स्कार्पियो दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या ६ पुग्यो



काठमाण्डौं,९ कार्तिक/गुल्मीको कालीगण्डकी गाउँपालिका( २ दबौखानीमा स्कार्पियो दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ।

स्याङ्जाको चिरकोटबाट गुल्मीको राक्सेतर्फ जाँदै गरेको बा ०२२० नम्बरको स्कार्पियो सोमबार दिउँसो करिब ४ बजे कालीगण्डकी करिडोर सडक खण्डबाट करिब २५० मिटर तल खसेर दुर्घटना भएको हो।

दुर्घटनामा परी घटनास्थलमै पाँच जनाको र उपचारका क्रममा एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा स्कार्पियो चालक स्याङ्जाको वालिङ नगरपालिका( २ का ६७ वर्षीय दिलीपकुमार बगाले, वालिङ( १० का शिव पराजुली, गुल्मीको कालीगण्डकी गाउँपालिका(१ सिरकोटका लोकनाथ पाण्डे, सोही ठाउँकी सीता पाण्डे र कुलानन्द पाण्डे रहेका छन्।

घटनास्थलमै मृत्यु हुनेमध्ये एक जनाको विवरण पुष्टि हुन बाँकी छ।

त्यस्तै, दुर्घटनामा घाइते भएकी निता बगालेको उपचारका क्रममा कालीगण्डकी सामुदायिक अस्पताल मिर्मी, स्याङ्जामा मृत्यु भएको प्रहरीले जनाएको छ।

घाइतेमध्ये छविलाल पाण्डेको अवस्था गम्भीर रहेको छ।

गोमता पाण्डे र बालकृष्ण सुवेदीको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनाको जानकारी पाएलगत्तै प्रहरी चौकी पुर्तिघाट, इलाका प्रहरी कार्यालय रिडी र जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी टोली उद्धारका लागि खटिएको थियो।

प्रहरी निरीक्षक सुदीप नेपालीका अनुसार, दुर्घटनाबारे थप विवरण संकलन भइरहेको छ। घटनामा परी घाइते भएका तथा मृतकको विवरण थप पुष्टि गर्ने काम भइरहेको प्रहरीले जनाएको छ।

# दशैंमनाएर काठमाण्डौ फर्किनेहरूको चाप बढ्यो, आजदेखि सरकारी कार्यालयहरू खुला

काठमाण्डौ ९ कार्तिक/दशैं मनाउन गाउँघर तथा आफन्तकहाँ गएकाहरु बिदा सकिएसँगै काठमाण्डौ उपत्यका फर्किने क्रम बढेको छ। आवागमन बढेसँगै सडक, सार्वजनिक यातायात तथा बसपार्कमा चहलपहल बढेको छ। रोजगारी, अध्ययन तथा व्यवसायका लागि काठमाण्डौ उपत्यकामा बस्दै आएका नागरिक दशैंको टीका, जमरा र पारिवारिक भेटघाटपछि नियमित काममा फर्किन थालेका हुन्।

लामो बिदापछि सरकारी तथा गैरसरकारी कार्यालय, विभिन्न व्यवसाय फेरि शुरु भएसँगै संघीय राजधानी फर्किने यात्रुको सङ्ख्या बढ्दै गएको हो

आजदेखि सरकारी कार्यालयहरु पनि खुलेका छन। यात्रुको आवागमन बढेसँगै संघीय राजधानी प्रवेश गर्ने प्रमुख सडकमा चहलपहल थपिएको छ

काठमाण्डौ उपत्यका भित्रिने तथा बाहिरिने प्रमुख नाकाहरू नागढुङ्गा थानकोट, साँगा , बालाजु, बल्खु र टोखा छहरे क्षेत्रमा गाडी तथा यात्रुको चाप बढेको छ। यात्रु तथा गाडी चालकलाई ट्राफिक नियमको पालना गर्न र यात्रा गर्दा आवश्यक सतर्कता अपनाउन प्रहरीले आग्रह गरेको छ।

# बामपन्थी नेता लुला चौथो कार्यकालका लागि ब्राजिलको राष्ट्रपतिमा निर्वाचित

काठमाण्डौं,९ कार्तिक/बामपन्थी नेता लुइज इनासियो लुला दा सिल्भा ब्राजिलको राष्ट्रपति पदमा चौथो कार्यकालका लागि फेरि निर्वाचित हुनुभएको छ। कडा प्रतिस्पर्धाबीच उहाँले दक्षिणपन्थी नेता फ्लाभियो बोल्सोनारोलाई पराजित गर्नुभएको छ

मतगणना सम्पन्न हुँदा लुलाले ५१.७६ प्रतिशत मत प्राप्त गर्नुभएको बीबीसीले जनाएको छ। उहाँका प्रतिस्पर्धी फ्लाभियो बोल्सोनारोले ४८.२४ प्रतिशत मत पाउनु भएको छ।

चुनावमा पहिलो चरणमा बोल्सोनारोले अग्रता लिएपछि लुलाको जित कठिन हुने आंकलन गरिएको थियो

# करिब २१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइने



काठमाडौं ९ कार्तिक/यही कात्तिक १७ र १८ गते सबै क्षेत्रका गरी २१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाउने तयारी भइरहेको छ।

सरकारले आर्थिक वर्ष २०८३/८४ को नियमित रुपमा पहिलो चरणमा कात्तिक २ र ३ गते खुवाउँदै आएको भिटामिन 'ए' कार्यक्रम दसैं परेकोले कात्तिकको १७ र १८ गते खुवाउन तयारी थालिएको हो।

स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लिलाविक्रम थापाले भिटामिन 'ए' क्याप्सुल ६ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने जानकारी दिनुभयो।

भिटामिन 'ए' करिब २१ लाख बालबालिका र जुकाको औषधि करिब २० लाख बालबालिकालाई खुवाइने भएको छ। भिटामिन 'ए' सबै प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा पठाइसकेको छ।

सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो।

राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिने उहाँले बताउनुभयो।

# कांग्रेसका नवनिर्वाचित केन्द्रीय पदाधिकारी र सदस्यको शपथ कातिक १२ गते

काठमाण्डौ ९ कार्तिक/नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी तथा सदस्यको शपथ ग्रहण आउँदो बिहीवार कात्तिक १२ गते हुने भएको छ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले दिनुभएको जानकारीअनुसार कात्तिक १२ गते दिउँसो २ बजे पार्टी केन्द्रीय कार्यालय बीपी नगरमा आयोजना हुने समारोहमा शपथ दिलाइने छ।

नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई त्यस समयमा शपथ ग्रहणमा उपस्थितिका लागि अनुरोध गरिएको उहाँले जानकारी दिनुभयो। १५औं महाधिवेशनबाट सभापतिमा निर्वाचित गगनकुमार थापाले फूलपातीका दिन गएको असोज ३१ गते शपथ ग्रहण र पदबहाली गर्नुभएको थियो भने बाँकी पदाधिकारी र सदस्यहरूको शपथ कार्यक्रम बाँकी रहेको छ।


## गैर बैकिङ्ग सम्पति लिलाम बिक्रि सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/७/१०)

यस बैंकको नाममा रहेको तपशिलको गैर बैंकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गरिने भएको हुँदा खरिद गरी लिन इच्छुक व्यक्ति वा संघ/संस्थाले यो सुचना प्रकाशित मितिले ७ दिन भित्र यस बैंकको शाखा कार्यालय राजबिराजमा आईपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ।

| जग्गाधनीको नाम | जिल्ला | न.पा./ गा.वि.स. | वडा नं./ सिट नं. | कित्ता नं. | क्षेत्रफल/ व.मी. | कैफियत | सम्पर्क शाखा कार्यालय |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | सप्तरी | बोरीया | ८ | ७१६<br>८९२<br>८९३ | ०-०-१९-०<br>०-०-१३.५-०<br>०-०-३.७५-० | सो जग्गामा बनेको भवन र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत | राजबिराज शाखा, राजबिराज |

**गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरु बाट रु.५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।

(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा Kumari Bank LTD. पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै उल्लेखित शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।

(९) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बैंकको शाखा कार्यालय राजबिराज वा केन्द्रिय कार्यालयमा बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिने छ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय राजबिराजमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ।

(१०) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।

(११) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop


# एनपीएल : साबिक विजेता लुम्बिनीको विजयी शुरूवात



काठमाण्डौ ९ कार्तिक/साबिक विजेता लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग(एनपीएल)को तेस्रो संस्करणमा विजयी शुरुवात गरेको छ। आज टीयू अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको उद्घाटन खेलमा लुम्बिनीले सुदूरपश्चिम रोयल्सलाई ७ विकेटले पराजित गरेको हो। सुदूरपश्चिमले दिएको ८८ रनको लक्ष्य लुम्बिनीले ९ ओभर ५ बलमा ३ विकेट गुमाएर पूरा गऱ्यो। लुम्बिनीका डार्सी सर्टले ४० र आशिफ शेखले ३२ रन बनाए। सुदूरपश्चिमका अनिल खरेलले दुई तथा दीपेन्द्रसिंह ऐरीले एक विकेट लिए।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम १७ ओभर २ बलमा ८७ रनमा अलआउट भएको थियो। सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले सर्वाधिक २७ रन बनाए। लुम्बिनीका किशोर महतोले ४ र शेर मल्लले ३ विकेट लिए।

एनपीएलमा भोलि दुई खेल हुनेछन्। पहिलो खेल दिउँसो साढे १२ बजे चितवन राइनोज र विराटनगर किंग्सबीच हुनेछ भने बेलुका ५ बजे कर्णाली याक्स र जनकपुर बोल्ट्सले प्रतिस्पर्धा गर्नेछन्।

# हेटौंडामा चार जना...

लागि हेटौंडा अस्पताल लगिएको थियो। मुक्तान र पाखिनलाई थप उपचारका लागि चितवन रिफर गरिएको हो।

प्रहरीका अनुसार घटनामा संलग्न रहेको आशंका गरिएका हेटौंडा( १३ का शिव लामा, हेटौंडा( १२ का मिथुन लामा र अशोक स्याङ्तानसहित अन्य दुईदेखि चार जना पुरुष फरार छन्। उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# जीतपुरमा बरामद ३ सय लिटर...

गरेको जनाइएको छ।

बरामद गरिएको मदिरा जनप्रतिनिधिसमेतको उपस्थितिमा इलाका प्रहरी कार्यालय जितपुरको छेउमा रहेको खाल्डोमा खन्याएर नष्ट गरिएको प्रहरीले जनाएको छ।

अवैध घरेलु मदिराको बिक्री( वितरणले समाजमा विभिन्न समस्या निम्त्याउन सक्ने भन्दै प्रहरीले यस्ता गतिविधिमाथि निगरानी बढाएको छ। अवैध मदिराको उत्पादन, बिक्री तथा वितरण नियन्त्रण गर्न आगामी दिनमा पनि कारबाहीलाई निरन्तरता दिने प्रहरीको भनाइ छ।

# पर्सामा ४४ लाखभन्दा बढीको अवैध सामान बरामद, तीन लाखका पटाका नष्ट



वीरगञ्ज ९ कार्तिक/सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साले जिल्लाका विभिन्न स्थानीय तह तथा सीमा क्षेत्रबाट भन्सार छली ल्याइएका ४१ लाख रुपैयाँभन्दा बढीका अवैध सामान बरामद गरी भन्सार दाखिला गरेको छ। त्यस्तै, तिहार तथा छठ पर्वलाई लक्षित गरी अवैध रूपमा भित्र्याइएका तीन लाख रुपैयाँ बराबरका प्रतिबन्धित पटाका नियन्त्रणमा लिएर नष्ट गरिएको छ।

गणका अनुसार भारतबाट विभिन्न सवारीसाधनमा लोड गरी भन्सार छली नेपाल भित्र्याउँदै गरिएका कपडा, कस्मेटिक, किराना सामान, मोबाइल पार्ट्स, मोटर पार्ट्स, औषधि, इलेक्ट्रोनिक्सलगायतका सामग्री बरामद गरिएको हो।

कात्तिक ६ गते विन्दवासिनी गाउँपालिका( ५ प्रसौनीभाास्थित सशस्त्र प्रहरीको बीओपी प्रसौनीबाट खटिएको टोलीले बा.६३ प ६८१५ नम्बरको मोटरसाइकलमा लोड गरी ल्याउँदै गरेको १८ लाख ४१ हजार ५०० रुपैयाँ बराबरको मोबाइल पार्ट्स बरामद गरेको थियो। सोही बीओपीको अर्को टोलीले ५९ हजार ४० रुपैयाँ बराबरका कपडा तथा मोटर पार्ट्ससमेत बरामद गरेको थियो।

त्यसैगरी, कात्तिक ७ गते वीरगञ्ज महानगरपालिका( २५ खल्वास्थित बेओपी डूाईपोर्टबाट खटिएको पैदल गस्ती टोलीले सीमा क्षेत्रमा रहेको धानखेतमा बेवारिसे अवस्थामा फेला पारेको आठ लाख १७ हजार ६८० रुपैयाँ बराबरका मानव प्रयोगका विभिन्न औषधि तथा अन्य सामान बरामद गरेको थियो।

यसै क्रममा सीमा सुरक्षा गुल्म अलौबाट खटिएको टोलीले विभिन्न मितिमा तीन लाख पाँच हजार ६२० रुपैयाँ बराबरका खरबुजाका बीउ, तोरी तथा कपडा बरामद गरेको छ। सीमा सुरक्षा गुल्म वीरगञ्जको टोलीले एक लाख ८४ हजार रुपैयाँ बराबरका कपडा तथा इलेक्ट्रोनिक्स सामान र बेओपी सिर्सियाबाट परिचालित टोलीले दुई लाख १६ हजार रुपैयाँ बराबरका कपडा बरामद गरेको सशस्त्र प्रहरीले जनाएको छ।

यस्तै, पर्साका विभिन्न स्थानीय तह तथा सीमा क्षेत्रबाट खटिएका टोलीले सात लाख १० हजार ५२० रुपैयाँ बराबरका कपडा, कस्मेटिक तथा किराना सामानसमेत बरामद गरेका थिए

बरामद गरिएका सम्पूर्ण अवैध सामान आवश्यक कारबाहीका लागि कात्तिक ८ गते वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) सुरज क्षेत्रीले जानकारी दिएका छन्।

यसैबिच, तिहार तथा छठ पर्वलाई लक्षित गरी भारतबाट अवैध रूपमा भित्र्याइएका तीन लाख रुपैयाँ बराबरका प्रतिबन्धित पटाका पर्साका विभिन्न स्थानबाट नियन्त्रणमा लिई आवश्यक प्रक्रिया पूरा गरेर नष्ट गरिएको सशस्त्र प्रहरीले जनाएको छ। सशस्त्र प्रहरीले सीमा क्षेत्रमा हुने अवैध आयात तथा भन्सार छली नियन्त्रण गर्ने क्रममा उक्त सामान बरामद गरेको जनाएको छ।

# लालबकैयाकोटिकुलियाघाटपुलनिर्माणअन्तिमचरणमा



रौतहट, ९ कार्तिक/रौतहटको लालबकैया नदीमाथि निर्माणाधीन टिकुलियाघाट पुलको काम अन्तिम चरणमा पुगेको छ। चालु आर्थिक बर्षमा बजेट बिनियोजन भएपछि पूल निर्माणको कामले गति लिएको हो।

पुलका सबै ६ वटा स्पानको निर्माण सम्पन्न हुनुका साथै फुटपाथ, रेलिङ र एक्सपान्सन जोइन्टको कामसमेत सकिएको सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर, रौतहटका इन्जिनियर दिपेन्द्रकुमार साहले जानकारी दिनुभयो।

गौर नगरपालिका (४ स्थित लालबकैया नदीको टिकुलिया घाट पुल भ्याटसहित २७ करोड ६६ लाख ८ हजार १७६ रुपियाँमा निर्माण गर्ने गरी २०८० असोज ९ मा आजाद दिपु एण्ड कम्पनी जेभी काठमाडौँसँग निर्माण सम्झौता भएको थियो।

हाल पुलका मुख्य संरचनासहित फुटपाथ, रेलिङ र एक्सपान्सन जोइन्टको काम सम्पन्न भइसकेको इन्जिनियर साहले बताउनुभयो। एप्रोच रोड र रिभर ट्रेनिङको काम भने अझै बाँकी रहेको उहाँले भन्नुभयो।

उहाँका अनुसार पुलको भौतिक प्रगति ८० प्रतिशत भइसकेको छ भने बित्तीय प्रगति ५० प्रतिशतको हाराहारीमा पुगेको छ। कार्यालयसँग ८ करोड बजेट रहेको र पूल निर्माणका लागि आबश्यक पर्ने थप बजेट समयमै उपलब्ध भएमा २०८३ चैतसम्म पूल निर्माणको काम सम्पन्न हुने उहाँले बताउनुभयो।

सो पूल निर्माणका लागि यसअघि पप्पु कन्स्ट्रक्सनले ठेक्का लिएको थियो। २०७१ असार २९ मा पप्पु कन्स्ट्रक्सनले २०७४ असार २५ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता गरेको थियो। तत्कालीन समयमा सडक डिभिजन कार्यालय हेटौंडाबाट २० करोड ७२ लाखको लागतमा २२५ मिटर लम्बाइ र ७.२ मिटर चौडाइ भएको पक्की पुल बनाउन बोलपत्र आह्वान भएको थियो।

लागत इस्टिमेटभन्दा २८ प्रतिशत कम १४ करोड ९३ लाखमा टेन्डर सकार गरेको पप्पु निर्माण सेवाले सम्झौता अबधिभरमा पुल निर्माण कार्य सम्पन्न नगरेर अलपत्र पारेपछि सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले २०७९ माघ ०६ गते ठेक्का तोडदै कालोसूचीमा राख्न सिफारिश गरेको थियो।

ठेकेदारले सम्झौताअनुसार काम नगरेको र पटक(पटक लिखित तथा मौखिक ताकेता गर्दा पनि बेवास्ता गरेकाले सम्झौताको सर्त बमोजिम २०८० असार १५ मा ठेक्का तोडिएसँगै निर्माण कम्पनीलाई कालोसूचीमा राखिएको थियो।

लामो समयदेखि रुग्ण आयोजनाका रूपमा रहेको गौर औरैया जोडने लालबकैया पुलको निर्माण सम्पन्न भएपछि स्थानीय बासिन्दाको आवागमन सहज हुने तथा यातायातमा सहजता आउने अपेक्षा गरिएको छ।

# सिरहा गोलबजारका वडाध्यक्ष सार्वजनिक शान्तिविरुद्धको कसुरमा पक्राउ

सिरहा ९ कार्तिक/सिरहाको गोलबजार नगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष सोहेब अनवर सार्वजनिक शान्तिविरुद्धको कसुरमा पक्राउ परेका छन्।

गत साउन १० गते सुनसरीको देवानगञ्जमा भएको घटनालाई लिएर साउन १४ गते सिरहाको गोलबजारमा भएको घटनामा संलग्न भएको आरोपमा वडा अध्यक्ष अनवर पक्राउ परेका हुन्।

उनलाई आइतबार राति गोलबजारबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक (डीएसपी) एवं प्रवक्ता रमेशबहादुर पालले जानकारी दिनुभयो।

गोलबजारमा भएको तोडफोड तथा आगजनीको घटनामा वडा अध्यक्ष अनवरको मुख्य भूमिका रहेको आरोप लगाउँदै 'हिन्दु सम्राट सेना' नामक संस्थाका केही व्यक्तिले करिब दुई महिनाअघि प्रहरीमा जाहेरी दिएका थिए। सोही जाहेरीका आधारमा प्रहरीले अनवरविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा मुद्दा दर्ता गरेको थियो।

प्रहरीका अनुसार अनवर कहिले ससुरालीतर्फ त कहिले अन्य स्थानमा लुकिछिपी बस्दै आएका थिए। घर आए पनि प्रहरीबाट बच्दै लुक्ने गरेको सूचनाका आधारमा उनलाई आइतबार राति पक्राउ गरेको प्रहरीले जनाएको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ६५ अनुसार धर्म, जात, जाति, सम्प्रदाय वा भाषाका आधारमा विभिन्न समुदायबीचको सुसम्बन्धमा खलल पार्ने कसुर प्रमाणित भएमा एक वर्षसम्म कैद र १० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ।

# दुर्गा मूर्ति विसर्जन गरेर फर्किंदै गरेकी दलित महिलामाथि सामूहिक बलात्कार

वीरगञ्ज, ९ कार्तिक/सप्तरीको सुरुङ्गा नगरपालिका( ९ टिकुलियामा दुर्गा पूजाको मूर्ति विसर्जन गरेर घर फर्किने क्रममा २५ वर्षीय दलित महिलामाथि सामूहिक बलात्कारको घटनाका आरोपी खोजी तीव्र पारिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार आरोपी तीन जना स्थानीय युवकको पहिचान भइसकेको र उनीहरूको खोजी तीव्र पारिएको हो

प्रहरीका अनुसार पाँच दिनअघि गत बुधवार राति करिब साढे ९ बजे स्थानीय मदरसानजिकै रहेको आँपको बगैँचामा घटना भएको हो। पीडित पक्षले आरोपित तीन जनाविरुद्ध इलाका प्रहरी कार्यालय कडरबोनामा किटानी जाहेरी दिएको छ।

दसैँको अवसरमा गाउँमा स्थापना गरिएको दुर्गाको मूर्ति विसर्जन गर्न पीडित महिला पनि स्थानीयवासीसँगै ट्र्याक्टरमा चढेर बलान नदी पुगेकी थिइन्। मूर्ति विसर्जनपछि घर फर्किने क्रममा ट्र्याक्टरको डिजेल सकिएर बिच बाटोमै रोकिएपछि उनी पैदल घरतर्फ लागेकी थिइन्।

पीडित पक्षले दिएको जाहेरीअनुसार, सोही क्रममा बाटोमा रहेका तीन जना युवकले महिलालाई नियन्त्रणमा लिएर ज्यान मार्ने धम्की दिँदै नजिकैको आँपको बगैँचामा पुर्‍याई सामूहिक बलात्कार गरेका थिए। त्यसपछि उनलाई बेहोस अवस्थामा छाडेर आरोपितहरू फरार भएको जाहेरीमा उल्लेख छ।

राति अबेरसम्म महिला घर नफर्किएपछि आफन्त र स्थानीयवासीले खोजी गरेका थिए। खोजी गर्ने क्रममा उनलाई बेहोस अवस्थामा फेला पारिएको जनाइएको छ।

घटनापछि पीडित परिवारलाई विभिन्न प्रलोभन दिएर घटना गाउँमै मिलाउने प्रयास भएको आरोपसमेत लागेको छ। स्थानीय अधिकारकर्मीहरूको सहयोगमा पीडित पक्षले प्रहरीमा जाहेरी दिएको जनाइएको छ।

इलाका प्रहरी कार्यालय कडरबोनाका प्रहरी निरीक्षक श्याममणि पोखरेलका अनुसार घटनामा संलग्न रहेको आरोप लागेका व्यक्तिहरू लुकेर बस्न सक्ने सम्भावित स्थानमा प्रहरी परिचालन गरिएको छ। उनीहरूलाई पक्राउ गरी अनुसन्धान तथा कानुनी कारबाहीको प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक रुपक खड्काका अनुसार आरोपितहरूको पहिचान भइसकेको छ तर अनुसन्धान प्रभावित नहोस् भन्ने उद्देश्यले हाल थप विवरण गोप्य राखिएको छ।

दोषीलाई कारबाही गर्न अधिकारवादी संस्थाले माग गरेका छन्। सुरुङ्गा नगरपालिका( ४ स्थित जनचेतना दलित सङ्गम र सुरुङ्गा युथले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गर्दै घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्। उनीहरूले आरोपितहरूलाई तत्काल पक्राउ गरी प्रचलित कानुनअनुसार कारबाही गर्न माग गरेका छन्।

जनचेतना दलित सङ्गमले पीडित महिला र उनको परिवारको सुरक्षा सुनिश्चित गर्न तथा धम्की, दबाब र प्रलोभनबाट संरक्षण प्रदान गर्न सम्बन्धित निकायसँग आग्रह गरेको छ

त्यस्तै, सुरुङ्गा युथले पीडितको गोपनीयता, आत्मसम्मान र न्यायको अधिकारको रक्षा गर्न माग गर्दै आवश्यक स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श तथा कानुनी सहायता उपलब्ध गराउन आग्रह गरेको छ।

# हेटौंडामा चार जना युवामाथि खुकुरी प्रहार, दुई जना गम्भिर

हेटौंडा, ९ कार्तिक/मकवानपुरको हेटौंडा उपमहानगरपालिका( ४ हुप्राचौरस्थित एक जुस पसलमा चार जनामाथि खुकुरी तथा रड प्रहार भएको छ। सोमबार जुस पसलमा बसिरहेका बेला मास्क र हेल्मेट लगाएर आएका व्यक्तिहरूले आक्रमण गर्दा चार जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरिक्षक श्यामबहादुर खत्रीले बताउनुभयो।

घाइतेमध्ये दुई जनाको हेटौंडामा उपचार हुन नसकेपछि थप उपचारका लागि चितवन रिफर गरिएको प्रहरीले जनाएको छ। अन्य दुई जनाको अवस्था सामान्य रहेको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीका अनुसार हुप्राचौरस्थित अन फ्रेस जुस पसलमा जुस खाने क्रममा सामान्य विवाद भएपछि दुई पक्षबीच झैझगडा भएको थियो। सोही क्रममा एक समूहले रड तथा धारिलो हतियार प्रहार गरी फरार भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ।

प्रहरीका अनुसार आक्रमणबाट हेटौंडा( ३ बसामाडीका ३१ वर्षीय जन्मसिंह मुक्तान, ३१ वर्षीय अंकित राई, ३० वर्षीय बुद्धि पाखिन र ३२ वर्षीय सुमन रुम्बा घाइते भएका छन्।

मुक्तानको टाउको र बायाँ हातमा चोट लागेको छ भने राईको टाउकोमा चोट लागेको छ। त्यसैगरी, पाखिनको टाउकोमा चोट लागेको र रुम्बाको शरीरका विभिन्न भागमा सामान्य चोट लागेको प्रहरीले जनाएको छ।

घाइते चारै जनालाई उपचारका

बाँकी तेश्रो पेजमा

सडक दुर्घटनाबाट बचौं र बचाऔं

❖ सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
❖ मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
❖ सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
❖ सवारी साधन नियमित मर्मत सम्भार गरौं,
❖ पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
❖ दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३